


हाग्गै
यहूदीहरू आफ्नो मातृभूमिमा फर्कनसक्नेछन् भनेर पर्सियन राजा कोरेसले ई.पू. ५३८ मा घोषणा गरेका थिए।
पहिलो फिर्तीमा ५०,००० भन्दा बढी मानिसहरू थिए।
तिनीहरूको अगुवा यरूबाबेल थिए जो राजा यहोयाकिनका नाति थिए। बेबिलोनले यरूशलेमलाई कब्जा गर्दा यहोयाकिन यहूदाका राजा थिए।
दुई वर्षपछि ई.पू. ५३६ मा यहूदीहरूले फेरि मन्दिर पुनर्निर्माण गर्न थाले।
तर आफ्ना छिमेकीहरूको विरोध र निर्वासितहरूमध्ये धेरैले देखाएको उदासीनताको कारण पुनर्निमाणको काम रोकियो।
यहूदीहरूले फेरि काम थालनी गरून् भनेर तिनीहरूलाई होस्याउन सोह्र वर्षपछि परमेश्वरले दुई जना अगमवक्ताहरू हाग्गै र जकरियालाई पठाउनुभयो।


परमप्रभुको मन्दिर पुनर्निमाण गर्ने समय यो होइन भनेर तिनीहरूले गलत निष्कर्ष निकालेका थिए ।
अगमवक्ता हाग्गैद्वारा परमेश्वरले पाँच सन्देशहरू पठाउनुभएर परमेश्वरले यसको उत्तर दिनुभयो ।
परमेश्वरको घर भग्नावशेष भइरहेको देखेर तिमीहरू चाहिँ विलासी घरमा बस्ने हो ?
यहाँ के भइरहेको छ ध्यान देओ अनि आफ्ना आफ्ना चालको होशियारसाथ विचार गर ।
तिमीहरूले छर्न त धेरै छरेका छौ तर तिमीहरूले थोरै मात्र कटनी गरेका छौ ।
तिमीहरू खान त खान्छौ तर अघाउँदैनौ ।
तिमीहरू लुगा त लगाउँछौ तर न्याना हुँदैनौ ।
तिमीहरू काम गरेर ज्याला कमाउँछौ तर प्वाल परेको थैलीमा राख्छौ ।
किन ?!
किनकि परमप्रभुको घर भग्नावशेष अवस्थामा छ ।
परमेश्वर भन्नुहुन्छ, “जङ्गलज्ञ मा गएर काठपात ल्याओ र मेरो मन्दिर पुनर्निमाण गर अनि म खुशी हुनेछु र त्यहाँ महिमामा प्रकट हुनेछु ।”
(१) सत्तरी वर्षको निर्वासनको अवधिमा जङ्गल बढिसकेको छ ।


मानिसहरूले पहिलो सन्देशप्रति प्रत्युत्तर जनाएकोले २३ दिनपछि परमेश्वरले हाग्गैद्वारा दोस्रो सन्देश पठाउनुभयो ।
“म तँसित रहनेछु,” परमप्रभु घोषणा गर्नुहुन्छ ।


यस काममा परमेश्वर तिनीहरूसित हुनुहुन्छ भन्ने जानेर राज्यपाल यरुबाबेल, प्रधान पूजाहारी यहोशू र फर्केका सबै निर्वासितहरू उत्साहित भए ।
कामदारहरूलाई चाहिने सबै थोक हामी उपलब्ध गर्नेछौं, उनीहरूलाई केही कुराको कमी हुनेछैन ।
परमेश्वरले सोलोमनलाई दिएको नमूनाअनुसार मन्दिर पुनर्निमाण भएको छ कि छैन, सो सुनिश्चित गर्न पूजाहारीहरू पनि निर्माणकार्यमा सहभागी हुनेछन् ।


आफ्नो पूरा शक्ति लगाएर मन्दिर पुनर्निमाण गर्न तिनीहरूले आफैलाई अर्पण गरे ।


तर परमप्रभुको निम्ति सोलोमनले बनाएको मन्दिर यो भन्दा ज्यादै भव्य थियो नि ।
हो, त्यससित केहीको तुलना हुनसक्तैन ।
यस सन्दर्भमा निर्वासितहरूलाई हाग्गैले तेस्रो सन्देश प्रचार गरे ।
परमेश्वर सोध्नुहुन्छ, "यो भवनलाई पहिलो महिमामा देख्नेहरू–अहिले तिमीहरू यसलाई कस्तो देख्दैछौ ?"
"यो त केही पनि होइन जस्तो लाग्छ होला ।"
"साहस गर, यरुबाबेल," परमप्रभु घोषणा गर्नुहुन्छ ।
"साहस गर, हे पूजाहारी यहोशू ।"
"साहस गर, हे सबै प्रजा हो ।"
"म तिमीहरूको साथमा छु । मैले तिमीहरूलाई मिश्रबाट बाहिर निकालेर ल्याएको समयमा मैले तिमीहरूसित बाँधेको वाचालाई सम्झ ।"
सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "अब थोरै समयपछि म आकाश र पृथ्वीलाई हल्लाउनेछु–समुद्र र सुक्खा भूमिलाई पनि ।" (१)
(१) यहाँ परमेश्वरले जातिजातिहरूलाई हटाउनुहुने कुरा भएतापनि यसले विशेष गरी प्रकाश ६–१९ मा बयान गरिएको प्रलयकारी उथलपुथललाई पूर्वसंकेत गरेको हो ।
"म सबै जातिजातिहरूलाई हल्लाउनेछु, र सबै जातिहरू द्को चाहना यस मन्दिरमा आउनेछ अनि म यस भवनलाई मेरो महिमाले भरिदिनेछु ।" सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।
(२) ख्रीष्टले यसै पृथ्वीमा १००० वर्षको राज्य स्थापना गर्नुहुनेछ ।


दुई महिनापछि हाग्गैले चौथो सन्देश प्रचार गरे । यसमा धार्मिक अगुवाहरूलाई प्रश्न सोध्न परमेश्वरले हाग्गैलाई निर्देशन दिनुभयो ।
परमेश्वरले सोध्नुभयो, "यदि कसैले आफ्नो लुगाको पोल्टोमा पवित्र पारेको मासु पोको पारेको छ र त्यसको किनारले केही रोटी, सुरुवा, दाखमद्य वा अरू कुनै खानेकुरा छोयो भने के त्यो पवित्र हुन्छ र ?"
हुँदैन, पवित्रता त्यसरी अरू कुरामा सर्दैन ।
"मुर्दा छोएको दूषित मानिसले यस्तो कुनै एउटा कुरा छोयो भने के दूषित हुन्छ ।"
हुन्छ ।
"तिमीहरूका स्वार्थी विचार र खराब हृदयले पनि तिमीहरूका बलिदानहरू दूषित भइरहेको थियो, बलिदानहरू मात्रै होइन, परमप्रभुलाई 'सेवा' भन्ने तिमीहरूले गरेका सबै कुराहरू पनि ।"
"...र यसरी तिमीहरूले गरेका सबै कुरा बेठीक भयो" ।
"तर अहिले सबै फरक भएको छ किनकि तिमीहरूले मन्दिर पुनर्निर्माण गर्ने काम सुरु गरेका छौ ।"


त्यही दिन हाग्गैले परमप्रभुबाटको पाँचौ र अन्तिम सन्देश प्रचार गरे ।
यहूदाको राज्यपाल यरुबाबेललाई भन्, "म आकाश र पृथ्वीलाई हल्लाउन जाँदैछु..."
".....म शाही सिंहासनहरूलाई पल्टाउनेछु, र विदेशी राज्यहरूको शक्तिलाई म चूर्ण पार्नेछु । म रथहरू र तिनमा सवार हुनेहरूलाई पल्टाइदिनेछु । घोडा र घोडचढीहरू आफ्ना आफ्नै दाजु भाइहरूको तरवारबाट काटिनेछन् ।"(१)
(१) संसारका राज्यहरूलाई पल्टाएर परमेश्वरले ख्रीष्टको राज्य स्थापना गर्नुहुने कुरालाई हाग्गैले यहाँ चित्रण गरेका छन् । पृथ्वीमा ख्रीष्टले राज्य गर्नुहुने दिनलाई उनले पूर्वसंकेत गरेका हुन् ।
"तर जब यो हुन्छ, हे मेरो दास यरुबाबेल, म तँलाई लिनेछु, र म तँलाई मेरै छाप औँठीजस्तै तुल्याउनेछु किनकि मैले तँलाई रोजेको छु," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ ।
(२) छापऔँठी अधिकार, सम्मान र शक्तिको प्रतीक थियो । परमेश्वरले यहोयाकीनबाट छापऔँठी हटाउनुभएको थियो किनकि तिनीहरू निर्वासनमा लगिएका थिए (यर्मिया २२:२४) । तर यहाँ परमेश्वरले यो अधिकार र सम्मान दाऊद वंशको आधिकारिक प्रतिनिधिको हैसियतले यहोयाकीनको नातिलाई दिनुहुन्छ । दाऊदको वंश नै पछि गएर ख्रीष्टको राज्यमा समापन हुनेछ ।